CRO Regd. No.: 990/063/064
PAN: 302702327

# न्यादी हाइड्रोपावर लिमिटेड
# Nyadi Hydropower Limited

Ref. No: 076 (NHP-33) 2078/79
मिति-२०७८।०९।२९

श्री नेपाल धितोपत्र वोर्ड,
खुमलटार, ललितपुर

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि,
पुतलीसडक, काठमाण्डौ ।

विषयः **जानकारी सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा मिति २०७८।०९।२८ मा सम्पन्न यस कम्पनीको १४औं वार्षिक साधारण सभाको माईन्युट्स तथा कम्पनीको वार्षिक प्रतिवेदन पुस्तिका तहाँको जानकारीको लागि यसै पत्र साथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

भवदीय,

हरि बहादुर बुढाथोकी
कम्पनी सचिव

Mailing Address: P.O. Box: 26305, Kathmandu, Nepal
Office: Ganga Devi Marga, Buddha Nagar, New Baneshwor, Kathmandu.
Telephone: +977-1-4781776, 4785736

न्यादी हाइड्रोपावर लिमिटेड
NYADI HYDROPOWER LIMITED
Buddha Nagar, Kathmandu, Nepal

# १४औं बार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु
## (निर्णय पुस्तिका)

(क) **पृष्ठभूमिः**

न्यादी हाइड्रोपावर लि.को १४औं वार्षिक साधारण सभा (यसपछि "सभा" भनिएको) मिति २०७८।९।२८ गते (तद्नुसार जनवरी १२, २०२२) का दिन कम्पनीको रजिर्ष्टड कार्यालय, बुद्धनगर, बानेश्वर, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री ओम प्रकाश श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो । सभा दिनको ११.०० बजे प्रारम्भ भएको थियो ।

(१) **सभा सम्बन्धी सूचना तथा प्रकाशनः**

सभाको सूचना र कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन मिति २०७८।८।२९ र ३० गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरुलाई सभामा भाग लिनका लागि सूचित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक प्रतिवेदन एवं वार्षिक प्रतिवेदन कम्पनीको वेभसाईट www.nhl.com.np मा हेर्न र डाउनलोड गर्न मिल्ने व्यवस्था गरिएको थियो । सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, सिडिएस तथा क्लियरिङ लि. तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थितिः**

(अ) **शेयरधनीः**

सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये ५५ जना (संस्थागत शेयरधनी समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो । जसमध्ये २३ जना शेयरधनी भौतिकरुपमा र बाँकी ३२ जना शेयरधनीहरु जुम एप मार्फत उपस्थित हुनु भएको थियो ।

(आ) **संचालक समितिः**

| | | |
|---|---|---|
| १. | श्री ओम प्रकाश श्रेष्ठ | अध्यक्ष |
| २. | श्री प्रदीप कुमार श्रेष्ठ* | संचालक |
| ३. | श्री राम बहादुर गुरुङ | संचालक |
| ४. | श्री विजय बहादुर श्रेष्ठ* | संचालक |
| ४. | श्री उत्तर कुमार श्रेष्ठ | बैकल्पिक संचालक |
| ५. | श्री राधेश्याम श्रेष्ठ | बैकल्पिक संचालक |

६. श्री हरि ब. बुढाथोकी कम्पनी सचिव

* जुम मार्फत उपस्थित ।

(इ) **व्यवस्थापन:**

| | |
|---|---|
| श्री उत्तम अमात्य | प्रमुख कार्यकारी अधिकृत |
| श्री सुदिप मान श्रेष्ठ | वित्त तथा प्रशासन प्रवन्धक |
| श्री विवेक कारंजित | वरिष्ठ इन्जिनियर |

(२) **गणपुरक संख्या तथा शेयरसंख्याको प्रतिनिधित्व:**

जम्मा शेयर संख्या १,५०,००,००० कित्ता मध्ये १,१०,०६,००० कित्ता (७३.३७%) को प्रतिनिधित्व हुने गरी कुल २,३२,५९१ शेयरधनीहरु मध्ये ५५ शेयरधनीहरु (०.०२३%) उपस्थित रहनु भएकोले सभाको कार्यवाही संचालनका लागि कम्पनी ऐन वमोजिम गणपुरक संख्या पुगेको थियो ।

(३) **सभाको बैधानिकता:**

शेयरधनीहरुलाई तोकिएको समय भित्रै सभाको सूचना संप्रेषण तथा प्रकाशन गरिएको र कम्पनीको तत्काल कायम चुक्ता पूँजीको ७३.३७% शेयर स्वामित्वको प्रतिनिधित्व हुनेगरी शेयरधनीको उपस्थिती रही सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र सभा रित पूर्वक बोलाइएको ठहर गर्दै सभाले आफ्नो कार्यवाही तथा निर्णय प्रक्रियालाई अगाडि बढाउने निर्णय गऱ्यो । कम्पनी सचिवले सभाध्यक्षको अनुमतिले सभा संचालन गर्नु भयो ।

(ख) **प्रस्तावहरुको प्रस्तुती, छलफल तथा निर्णय:**

सर्वप्रथम, छलफल तथा निर्णयार्थ प्रस्तुत प्रस्तावहरुको विषयसूचीलाई सभाले सर्वसम्मतिवाट स्वीकृत गऱ्यो ।

(१) सो पश्चात् कम्पनी सचिवले अध्यक्षज्यूलाई संचालक समितिको तर्फवाट कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो । अध्यक्षज्यूले संचालक समितिको तर्फवाट आ.व.२०७७।७८ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । अध्यक्षज्यूवाट प्रस्तुत संचालक समितिको प्रतिवेदन सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको लेखापरीक्षण भएको आ.व. २०७७।७८ को वित्तिय बिवरणहरु स्वीकृतिको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३) आ. ब. २०७८।७९ का लागि लेखापरीक्षक नियुक्तिका लागि प्रस्ताब गरिएकोमा लेखापरीक्षण समितिको सिफारिस अनुसार श्री के.पी.एन. एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्टस् (K.P.N. & Associates, Chartered Accountants), काठमाण्डौलाई आ.व. २०७८।७९ को लागि वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन वमोजिमको प्रमाणिकरण कार्य समेत गर्नका लागि लेखापरीक्षक नियूक्त गर्ने र

निजलाई रु. १,७५,०००।- (अक्षेरुपी एक लाख पचहत्तर हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर वाहेक लेखापरीक्षण शुल्क दिने निर्णय भयो ।

४) संचालकको हाल कायम बैठक भत्ता पुनरावलोकन गरी प्रतिवैठक भत्ता रु. ७०००।०० तोक्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

५) कम्पनीको नियमावलीको नियम ८(२) र ८(३) मा संशोधन गरी संचालक समितिमा संचालकहरुको संख्या पाँच वाट देहाय वमोजिम सात पुर्‍याउने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गयो ।

"नियम ८(२) कम्पनीमा सात जना संचालकहरुको एक संचालक समिति रहनेछ, जसमा एक जना स्वतन्त्र संचालक रहनेछ ।

नियम ८(३) संचालक समितिमा संस्थापक बुटवल पावर कम्पनीले जारी पूँजीको ५१ प्रतिशत शेयर ग्रहण गरे सम्म सो कम्पनीवाट ४ जना संचालक मनोनित हुनेछन् र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट एक जना महिला संचालक सहित दुई जना संचालकहरु निर्वाचित वा नियुक्त हुनेछन् ।"

यसको तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था अनुसूची १ र अनुसूची २ मा संलग्न रहेको छ । साथै, उक्त पारित विशेष प्रस्तावहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दाको अवस्थामा कुनै हेरफेर वा संशोधन गर्न आवश्यक भएमा सो गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले पारित गर्‍यो ।

६) विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शिर्षकमा कुनै निर्णय भएन ।

अध्यक्षज्यूले कम्पनीको १४औं वार्षिक साधारण सभामा पेश भएका सबै प्रस्तावहरु पारित भएको घोषणा गर्नु भयो र सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनु भएकोमा शेयरधनीलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त शेयरधनीहरु प्रति कृतज्ञता ज्ञापन गर्नु भयो । सो सभा ११.४५ वजे समापन भएको थियो ।

(हरि ब. बुढाथोकी)
कम्पनी सचिव

(ओम प्रकाश श्रेष्ठ)
अध्यक्ष

अनुसूची १
न्यादी हाइड्रोपावर लि.
बुद्धनगर, बानेश्वर, काठमाण्डौ

नियमावलीमा संशोधनको तिनमहले प्रस्ताव

| हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| नियम ८(२) संचालक समितिको पूर्नगठन नभएसम्म कम्पनीमा पाँच जनाको संचालक समिति रहनेछ, जसमा एक जना स्वतन्त्र संचालक समेत गरी लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडवाट मनोनित हुने एक जना संचालक र बुटवल पावर कम्पनी लिमिटेडवाट मनोनित हुने तिन जना संचालकहरु रहनेछन्। तिनै संचालकहरुले प्रथम संचालककोरुपमा काम गर्नेछन्। | नियम ८(२) कम्पनीमा सात जना संचालकहरुको एक संचालक समिति रहनेछ, जसमाएक जना स्वतन्त्र संचालक रहनेछ। | संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फवाट शेयर अनुपातमा प्रतिनिधित्व गराउन तथा महिल एवं पुरुष शेयरधनीहरु दुबै तर्फवाट संचालक समितिमा प्रतिनिधित्व सुनिश्चित गराउन बान्छनीय भएकोले संचालकहरुको संख्या ५ वाट बढाएर ७ कायम गर्न संशोधन प्रस्ताव गरिएको। |
| नियम ८(३) संचालक समिति पूर्नगठन गर्नुपर्ने भएमा सर्वसाधारण तर्फवाट एक जना संचालक रहने र बुटवल पावर कम्पनीले जारी पूँजीको ५१ प्रतिशत शेयर ग्रहण गरे सम्म बहुमत संचालक मनोनित गर्न पाउने गरी तथा अन्य शेयरधनीको हकमा जारी पूँजीको कम्तीमा २० प्रतिशत शेयर ग्रहण गरेको आधारमा संचालकहरुको मनोनयन वा निर्वाचन हुने गरी संचालक समिति गठन गरिनेछ। | नियम ८(३) संचालक समितिमा संस्थापक बुटवल पावर कम्पनीले जारी पूँजीको ५१ प्रतिशत शेयर ग्रहण गरे सम्म सो कम्पनीवाट ४ जना संचालक मनोनित हुनेछन् र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट एक जना महिला संचालक सहित दुई जना संचालकहरु निर्वाचित वा नियुक्त हुनेछन्। | |

अनुसूची २
न्यादी हाइड्रोपावर लि.
बुद्धनगर, बानेश्वर, काठमाण्डौ

**नियमावलीमा संशोधन (पारित मिति २०७८।९।२८)**

१. **नियमावलीको नियम ८(२) र ८(३) लाई संशोधन गरी देहाय वमोजिम नियम ८(२) र ८(३) राख्ने:**

"नियम ८(२) कम्पनीमा सात जना संचालकहरुको एक संचालक समिति रहनेछ, जसमा एक जना स्वतन्त्र संचालक रहनेछ।

नियम ८(३) संचालक समितिमा संस्थापक बुटवल पावर कम्पनीले जारी पूँजीको ५१ प्रतिशत शेयर ग्रहण गरे सम्म सो कम्पनीवाट ४ जना संचालक मनोनित हुनेछन् र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट एक जना महिला संचालक सहित दुई जना संचालकहरु निर्वाचित वा नियुक्त हुनेछन्।"